September 08, 2026

यो आकाशवाणी हो।

सुरुमा मुख्य समाचार

- प्रधानमन्त्रीद्वारा आज बडोदरामा विभिन्न विकास परियोजनाको उद्घाटन र शिलान्यास
- भारत- चीनबीच, पहिलो उच्चसत्तरीय सैन्य कमाण्डर बैठक सम्पन्न
- रक्षामन्त्रीको आजदेखि श्रीलंकाको तीनदिने भ्रमण, र
- विश्व पारा आर्चरी-मा भारतलाई दुई स्वर्ण पदक र एक रजत पदक

## PM-Dedicated Freight Corridor Vadodara

प्रधानमन्त्री नरेन्द्र मोदीले आज गुजरातको बडोदरामा पैँतीस हजार करोड रुपैयाँभन्दा बढी मूल्यका विभिन्न विकास पहलहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। प्रधानमन्त्रीले फ्रेट करिडोर नेटवर्कको पूर्ण समापन र सञ्चालनलाई, पश्चिमी समर्पित फ्रेट करिडोरका तीन प्रमुख खण्डहरू राष्ट्रलाई समर्पित गर्नुभयो। प्रधानमन्त्रीले नयाँ सानन्द, नयाँ मकरपुरा, नयाँ उम्बरगाउँ र नयाँ जे.एन.पी.टी-बाट मालवाहक रेल सेवाहरूको साथै टांडा रोड र बडोदरा बीचको नयाँ यात्रुवाहक रेल सेवाको पनि उद्घाटन गर्नुभयो, जसले अलिराजपुरका दुर्गम आदिवासी क्षेत्रहरूलाई राष्ट्रिय रेल ग्रिडसँग जोड्नेछ। प्रधानमन्त्रीले सञ्चालन प्रभावलाई जोड दिँदै, मालवाहक यातायातलाई यात्रु लाइनहरूबाट अलग गर्नाले दक्षतामा उल्लेखनीय सुधार आएको उल्लेख गर्नुभयो। उहाँले यात्राको समयमा भएको यस ठूलो कटौतीले पर्याप्त इन्धन बचत, वातावरणीय प्रभाव कम गर्नुका साथै, सम्पूर्ण राष्ट्रको लागि छिटो, सफा आपूर्ति श्रृंखला स्थापना गरिरहेको पनि जोड दिनुभयो। श्री मोदीले कार्यक्रमको क्रममा, नौ

हजार सात सय करोड रुपैयाँभन्दा बढी मूल्यका तीन रेलवे विस्तार परियोजनाहरूको पनि शिलान्यास गर्नुभयो।

Randhir Jaiswal

भारत र चिन बीच, पहिलो वरिष्ठ सर्वोच्च सैन्य कमाण्डर-स्तरीय बैठक यसै महिनाको ६ तारिख, अरुणाचल प्रदेशको भारतीय तर्फको वाचा-मा र हिजो चिनियाँ तर्फको दमाई-मा आयोजना गरिएको थियो। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयस्वालले आज दिउँसो नयाँ दिल्लीमा मिडियालाई सम्बोधन गर्दै पश्चिमी क्षेत्रमा पनि यस्तै संयन्त्र रहेको बताउनुभयो।

प्रवक्ताले रुस-युक्रेन द्वन्द्वमा, भारत, युक्रेनी र रुसी दुवै पक्षसँग सम्पर्कमा रहेको र द्वन्द्व अन्त्य गर्न योगदान पुऱ्याउन सक्ने विचार र सुझावहरू छन् कि छैनन् भनेर हेर्ने प्रयास गरिरहेको बताउनुभयो। विदेशमन्त्री डा. जयशंकरले हालै युक्रेन र पोल्याण्डको भ्रमण गर्नुभएको थियो। डाक्टर जयशंकरले, भारतले यो युद्धको युग होइन र युद्धभूमिबाट समाधान निस्कन्दैन भन्ने कुरा निरन्तर कायम राखेको उल्लेख गर्नुभयो।

National Film Awards

राष्ट्रपति द्रौपदी मुर्मुले आगामी बाइस सेप्टेम्बर-मा, गुजरातको एकता नगरमा बहत्तरौँ राष्ट्रिय चलचित्र पुरस्कार प्रदान गर्नुहुनेछ। सूचना तथा प्रसारण मन्त्रालय-ले यस वर्षको पुरस्कारले विभिन्न भाषा र विधाहरूमा विविधताको उत्सव मनाउने बताएको छ। आर्टिकल तीन सय सत्तर-लाई उत्कृष्ट फिचर फिल्मको रूपमा सम्मान गरिनेछ। फिल्म ब्रमयुगमका लागि अभिनेता ममुट्टी र चन्दु च्याम्पियनका लागि कार्तिक आर्यनलाई, उत्कृष्ट अभिनेताको रूपमा छनौट गरिएको छ भने, यामी गौतमलाई आर्टिकल तीन सय सत्तर-को प्रमुख

भूमिकामा उत्कृष्ट अभिनेत्रीको रूपमा सम्मान गरिनेछ। रणदीप हुड्डाले, स्वतन्त्र वीर सावरकरका लागि उत्कृष्ट डेब्यू निर्देशकको पुरस्कार प्राप्त गर्नेछन्। पुरस्कारहरूले मराठी, सन्थाली, तमिल, मलयालम, तेलुगु, कन्नड, तुलु र गढवाली लगायतका भाषा र रूपका चलचित्रहरूमा उत्कृष्टतालाई पनि मान्यता दिनेछ। मन्त्रालयले पहिलो पटक, राष्ट्रिय चलचित्र पुरस्कारको गैर-फिचर फिल्म खण्डमा सन्थाली फिल्मलाई सम्मान गरिने पनि उल्लेख गरेको छ। यसका साथै, मन्त्रालयले राजधानी बाहिर देशका विभिन्न भागहरूमा राष्ट्रिय चलचित्र पुरस्कार आयोजना गर्ने निर्णय गरेको छ।

## Rajnath Sri Lanka

रक्षामन्त्री राजनाथ सिंह द्विपक्षीय रक्षा र समुद्री सहयोगलाई अझ गहिरो बनाउने उद्देश्यले श्रीलंकाको तीन दिने भ्रमणमा आज कोलम्बो पुग्नुभएको छ। श्री सिंहलाई श्रीलंकाका उप-रक्षामन्त्री अरुणा जयशेखरा र श्रीलंकाका लागि भारतीय उच्चायुक्त सन्तोष झाले न्यानो स्वागत गर्नुभयो। रक्षामन्त्रीले रक्षा मन्त्रालय र विदेश मन्त्रालयका वरिष्ठ अधिकारीहरू सम्मिलित उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गरिरहनुभएको छ। उहाँले भ्रमणको क्रममा, कोलम्बोमा रहेका भारतीय प्रवासीसँग पनि अन्तरक्रिया गर्नुहुनेछ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ।

## Strategic Investment Plans

सरकारले राजस्थान, उत्तर प्रदेश र तेलंगानामा आई.टी.आई क्लस्टरहरूको लागि सात सय पैंतीस करोड रुपैयाँभन्दा बढीको कुल परियोजना साथ रणनीतिक लगानी योजनाहरूलाई अनुमोदन दिएको छ। यसमा राजस्थानको लागि दुई सय एकचालीस करोड, उत्तर प्रदेशको लागि करीब दुई सय चालीस करोड र तेलंगानाको लागि दुई सय चवन्न करोड रुपैयाँको

लगानी योजना समावेश छ। यो योजना, प्रधानमन्त्री सीप र रोजगारी रूपान्तरण मार्फत अपग्रेडेड आईटीआई (पीएम-सेतु) को पाँचौं राष्ट्रिय संचालन समिति बैठकमा अनुमोदन गरिएको थियो।

## Global Fintech Fest 2026- Mumbai

प्रधानमन्त्री नरेन्द्र मोदीले मुम्बईमा, विश्वको सबैभन्दा ठूलो र प्रभावशाली वार्षिक फिनटेक सम्मेलनहरू मध्ये एक, ग्लोबल फिनटेक फेस्ट दुई हजार छब्बीस को उद्घाटन गर्नुहुनेछ। चार दिने फेस्ट सेप्टेम्बर एघार-मा समापन हुनेछ। हाम्रो संवाददाताबाट थप रिपोर्ट।

## UK-India Carbon Credit

बेलायतले भारतको कार्बन क्रेडिट ट्रेडिंग योजनालाई आफ्नो कार्बन सीमा समायोजन संयन्त्र, अन्तर्गत एक योग्य कार्बन-मूल्य निर्धारण संयन्त्रको रूपमा मान्यता दिएको छ। यसले भारतीय निर्यातकर्ताहरूलाई ठूलो राहत दिएको छ। यस मान्यताको अर्थ बेलायतको कार्बन करले समेटिएका भारतीय सामानहरू, जस्तै - स्टील, आल्मुनियम, मल र सिमेन्ट जस्ता उत्पादनहरूले भारतमा पहिले नै तिरेको कार्बन मूल्यको लागि राहत पाउन सक्छन्। सरल शब्दमा भन्नुपर्दा, यसले भारतीय निर्यातकर्ताहरूलाई एउटै कार्बन उत्सर्जनको लागि, एक पटक भारतमा र फेरि बेलायतमा, दुई पटक शुल्क लाग्नबाट रोक्न मद्दत गर्न सक्छ।

## Bhupen Hazarika

प्रधानमन्त्री नरेन्द्र मोदी, उपराष्ट्रपति सीपी राधाकृष्णन, रक्षामन्त्री राजनाथ सिंह र गृहमन्त्री अमित शाहले आज प्रसिद्ध गायक तथा असम विधान सभाका पूर्व सदस्य,

भारतरत्न डाक्टर भूपेन हजारिकालाई उहाँको एक सयौँ जन्मजयन्तीमा श्रद्धाञ्जली अर्पण गर्नुभयो। श्री मोदीले डाक्टर हजारिकाको आवाजले आसामको आत्मा र पूर्वोत्तरको भावनालाई सम्पूर्ण राष्ट्रमा पुऱ्याएको बताउनुभयो भने, श्री राधाकृष्णनले, डाक्टर हजारिकाले आफ्नो भावपूर्ण संगीत र शक्तिशाली शब्दहरू मार्फत आसाम, पूर्वोत्तर र व्यापक मानव अनुभवको भावनालाई समेटेको बताउनुभयो ।

Archery

आज अहमदाबादमा दुई हजार छब्बीस-को विश्व पारा आर्चरी सिरिजको तेस्रो चरणमा भारतले धनुर्विद्यामा दुई स्वर्ण पदक जितेको छ। हरविन्दर सिंह र विजय सुन्डीले लगातार तेस्रो विश्व पारा आर्चरी सिरिजको उपाधि जितेका छन् भने, पारा महिला रिकर्भ डबल्समा, पूजा जत्यान र भावना चौधरीले फाइनलमा चीनसँग हार बेहोरेपछि रजत पदकमा चित्त बुझाएका छन्।

अन्तमा मुख्य समाचार पुनः एकपल्ट

- प्रधानमन्त्रीद्वारा आज बडोदरामा विभिन्न विकास परियोजनाको उद्घाटन र शिलान्यास
- भारत- चीनबीच, पहिलो उच्चसत्तरीय सैन्य कमाण्डर बैठक सम्पन्न
- रक्षामन्त्रीको आजदेखि श्रीलंकाको तीनदिने भ्रमण, र
- विश्व पारा आर्चरी-मा भारतलाई दुई स्वर्ण पदक र एक रजत पदक